लोकतन्त्रको पहरेदार

# अमरगढी पोष्ट

WWW.amargadhipost.Com

राष्ट्रिय दैनिक

◆ सकभर ताजा खाद्य पदार्थ खरिद गर्ने ।
◆ रगीबिरगींखाने कुराहरु खरिद तथा उपभोग नगर्ने बानी बसालौं ।
◆ साथै मसीले लेखेका कागजमा खानेकुराको उपभोग नगरौं ।
◆
खाद्य प्रबिधी तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

बर्ष : १८ अंक ७३ ● २०८२ जेष्ठ ११ गते आईतबार (Sunday 23 May 2025) पृष्ठ संख्या :- ४ मुल्य रु : १०

## गृहमन्त्री माथी गम्भिर प्रश्न उठ्दा पनि राजिनामा आएन : केन्द्रीय महासचिब भुषाल

**लक्ष्मी ऐर**
**डडेल्धुरा,जेष्ठ,१० गते**

नेकपा (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुषालले सरकार का गृहमन्त्रीमाथी गम्भिर प्रश्न उठ्दा पनि राजिनामा दिएर छानबिनका मार्ग प्रसस्त गर्नुपर्ने बताउनुभयो ।

सुदुरपश्चिम प्रदेशको बझाङ जिल्लामा भोली पार्टी कार्यक्रममा सहभागी हुन डडेल्धुरा आईपुग्नु भएका नेता भुषालले शनिबार डडेल्धुरा समाजबादी प्रेश संगठनले आयोजना गरेको पत्रकार सम्मेलनमा सो कुरा बताउनु भएको हो ।

भिजिट भिसामा गृह मन्त्रालयकै संलग्नतामा दैनिक ५० लाख रुपैया संकलन भईरहेको गम्भिर प्रश्न उठेपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकले राजिनामा दिएर संसदीय छानबिन समिति बन्नका लागी मार्ग प्रसस्त गर्नुपर्नेमा भुषालले जोड दिनुभयो ।

लोकतान्त्रिक गणतन्त्रमा ठुला ठुला भ्रष्टाचार काण्डका फायल खुल्दा मन्त्री देखि सांसद उच्च तहका कर्मचारीहरु संलग्न रहदै आएका घटनाक्रमले गर्दा लोकतन्त्र निकै कमजोर बन्दै गएको पुर्ब मन्त्री समेत रहनु भएका भुषालले बताउनुभयो ।

पछिल्ला समयमा भ्रष्ट्राचार ब्यापक रुपमा बढीरहेको प्रति चिन्ता ब्यक्त गर्नुहुदै भुषालले मुलुक बनाउने हो भने भ्रष्टूाचारीमाथी निर्मम भएर गर्नुपर्ने र जो सुकै हुन कारबाहीको दायरामा ल्याउन सरकारले कसैको मुख ताक्नु



नपर्नेमा जोड दिनुभयो ।

देशमा रहेका अधिकांश सरकारी अया कार्यालयहरु सामान्यतया असुलीका अया बनेका छन् भुसालले भने( यही प्रवृत्तिका कारण देश अझै गम्भिर संकटतर्फ धकेलिँदै छ सरकार बेखबर बन्नु हुदैन । पत्रकारहरुको प्रश्नको जवाफमा नेता भुषालले एमाले संगको पार्टी एकताको सम्भाबना अहिले नरहेको बताउनुभयो । समाजबाद उन्मुख अर्थतन्त्र सहितको मिसनमा एमाले अघि नबढेकाले बैचारिक रुपमै भिन्नता रहेकाले एकताको सम्भाबना ०८४ सम्मै हुन नसक्ने उहाँको भनाई थियो । लोकतन्त्रमा राजतन्त्रको कल्पना गर्न सकिदैन मसानघाट पुगेको रजतन्त्रलाई फेरी कसैले ब्युताउने सपना देखेको छ भने सपनामै सिमित हुने नेता भुषालको टिप्पणी थियो ।

## 'कांग्रेस निकट लोकतान्त्रिक निर्माण व्यवसायी संघ डडेल्धुराको अध्यक्षमा झुकाल

नेपाली कांग्रेस निकट लोकतान्त्रिक निर्माण व्यवसायी संघ डडेल्धुराको प्रथम जिल्ला भेला तथा अधिवेशन शनिबार सम्पन्न भएको छ । अधिवेशनले दुर्लभ



झुकालको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन गरेको हो ।

नवगठित कार्यसमितिमा उपाध्यक्षमा रामबहादुर बिष्ट र तारादत्त पनेरू चयन भएका छन् भने महासचिवमा सुरेश पाण्डे नियुक्त भएका छन । विक्रम बिष्ट र हर्षबहादुर भाट उपमहासचिवमा चयन भए। यस्तै, कोषाध्यक्षमा सुनिल ठकुराठी र सह-कोषाध्यक्षमा बलराम पनेरू चयन भएका छन । सदस्यहरूमा भवानीदत्त अवस्थी, सन्तोषकुमार खड्का, बलबहादुर गुरुङ, लोकेन्द्र गुरुङ, बसन्ती भण्डारी, हरिसिंह भण्डारी, टेकबहादुर साउद र निर्मला बोगटी रहेका छन ।

## 'अमरगढी नगरपालिकाले जित्यो जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड

**लक्ष्मी ऐर**
**डडेल्धुरा,जेष्ठ १०**

अमरगढी नगरपालिकाले डडेल्धुरा जिल्लास्तरीय १५औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि जितेको छ ।

अमरगढी नगरपालिका-४ टुँडिखेलमा शनिबार सम्पन्न प्रतियोगितामा १९ स्वर्ण, १६ रजत र १२ कास्यसहित अमरगढीले शिल्ड उचालेको हो ।

प्रतियोगितामा परशुराम नगरपालिका द्वितीय भएको छ । परशुरामले १९ स्वर्ण, ९ रजत र १० कास्य प्राप्त गऱ्यो । स्वर्ण संख्या बराबर भएपनि रजत बढी प्राप्त गर्दै अमरगढीले शिल्ड हात पारेको हो ।

छात्र भलिबलको फाइनलमा पुगेको परशुरामको टिम डिस्क्वालिफाइ भएको थियो। फर्जी खेलाडी खेलाइएको पाइएपछि आयोजक जिल्ला खेलकुद समितिले परशुरामको छात्र भलिबल टिमलाई डिस्क्वालिफाइ गर्ने निर्णय गरेको थियो । त्यसपछि छात्र भलिबलको फाइनलमा अरमगढी र गन्यापधुरा गाउँपालिका शनिबार भिडेका थिए । जसमा अरमगढीलाई २-१ को सेटमा हराउँदै गन्यापधुराले स्वर्ण जित्यो । प्रतियोगितामा आलिताल गाउँपालिकाले तृतीय स्थान हासिल गरेको छ ।

आलिताल ८ स्वर्ण, ९ रजत र १० कास्य जितेको आयोजक जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख डम्मरबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार अजयमेरु गाउँपालिकाले ५ स्वर्ण, १४ रजत र १२ कास्य जितेको छ ।

यस्तै, गन्यापधुरा गाउँपालिकाले २



स्वर्ण, २ रजत र ७ कास्य, नवदुर्गा गाउँपालिकाले १ स्वर्ण, १ रजत र ७ कास्य हात पारेको छ । प्रतियोगितामा भागेश्वर गाउँपालिकाले भने एउटा पनि स्वर्ण पदक जित्न सकेन । उसले १ रजत र ३ कास्यमा चित्त बुझाएको छ ।

प्रतियोगिताको विजेता टिमलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको छ । प्रतियोगितामा छात्र-छात्रा भलिबल, कबड्डी, एथ्लेटिक्स, कराँतेलगायतका खेल खेलाइएको थियो । प्रतियोगितामा जिल्लाका सातवटै स्थानीय तहको सहभागिता रहेको थियो। जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूले प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्डमा सहभागिता जनाउन पाउने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष डम्बरबहादुर थापाले बताए । उनका अनुसार प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका खेलाडीहरूको नामावली केही दिनमा सार्वजनिक गरिनेछ ।

जिल्ला खेलकुद समितिको आयोजना र अमरगढी नगरपालिकाको आतिथ्यतामा जेठ ६ गतेदेखि सुरु भएको प्रतियोगिता शनिबार सकिएको हो । छात्र भलिबल फाइनलमा विवाद भएपछि प्रतियोगिता लम्बिएको बताइन्छ ।






# सम्पादकीय

## बिजुली बलेको त्यो दिन

आज बिजुलीबिनाको दिनचर्या कल्पना पनि गर्न सकिँदैन । एकछिन बिजुली गयो भने सबै क्षेत्र अस्तव्यस्त हुन्छ । मोबाइल, कम्प्युटर, इन्टरनेट, कलकार खाना चलाउन बिजुली नभई हुँदैन । बिजुलीले गर्दा विश्व नै सानो गाउँ जस्तै बनेको छ । आजैको दिन नेपालमा पहिलो पटक बिजुली बत्ती बलेको थियो । एसियाको दोस्रो भनेर चिनिएको फर्पिङ जलविद्युत् आयोजनाको विसं १९६८ जेठ ९ गते तत्कालीन राजा पृथ्वीवीरविक्रम शाहले साँझ टुँडिखेलमा बत्ती बालेर उद्घाटन गर्नुभएको थियो । त्यतिबेला उहाँ नाम मात्रका राजा हुनुहुन्थ्यो । सबै कार्यकारी अधिकार राणा प्रधानमन्त्रीमा थियो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जबराको कार्यकालमा चार वर्ष लगाएर निर्मित यो जलविद्युत् आयोजनाको नाम चन्द्रज्योति राखिएको थियो । बेलायतको सहयोगमा बेलायती उपकरण र प्राविधिकको उपयोग गरेर बनाइएको यो आयोजना काठमाडौँको दक्षिणमा पर्ने फर्पिङ क्षेत्रमा साना तीन खोला (कुटली, सातमुले र शेषनारायण) को पानी जम्मा गरी बिजुली निकाल्ने काम भयो । नेपाली इन्जिनियर कर्णेल किशोरसिंह राणाले योजना बनाउनुभयो । त्यहाँबाट उत्पादित बिजुली काठमाडौँ सहरका विशेष गरी राणा परिवार र हुनेखाने नगरवासीलाई वितरण गरिएको थियो । राणाकालमा जनता रैतीको अवस्थामा थिए । साँझ टुँडिखेलमा बिजुलीबत्ती बलेको देखेर घर जाने र आफ्नो घरमा टुकी वा दियालोको उज्यालोमा रात काट्नुपर्ने अवस्था थियो । फर्पिङबाट उत्पादित बिजुली तत्कालीन हुनेखानेका लागि थप सम्पन्नता प्रदर्शन गर्ने माध्यमसमेत बन्यो । त्यतिबेला बिजुली संसारमै नौलो प्रविधि थियो । यद्यपि नेपालमा बेलायतको सहयोगमा सो बिजुली बाल्ने प्रविधि भित्र्याइएको थियो । यो चुनौतीपूर्ण कामको कार्यान्वयन गर्न तत्कालीन सरकारले राणा परिवारका वरिष्ठ सदस्यलाई नै परिचालन गरेको थियो । नेपालमा सञ्चार, बाटो, दक्ष प्राविधिक सबैको अभावमा पनि यो आयोजना आँटेर निर्माण गर्नु कुनै सानो कुरा भने पक्कै थिएन । निर्माण सम्पन्न भएको ११४ वर्ष भइसक्दा पनि यो आयोजनाले अझै पनि विद्युत् उत्पादन गर्न सक्छ तर सो स्थानमा बढेको सहरीकरण र त्यसले खानेपानीको आपूर्तिमा पारेको चापको कारण यो आयोजनाले बिजुली उत्पादन गर्न प्रयोग भएको पानी स्थानीय बासिन्दाको उपभोगका लागि प्रयोग गर्न थालिएको छ । यसै कारण बिजुली उत्पादन बन्द भएको छ । यो आयोजना क्षेत्रमा वैज्ञानिक अनुसन्धान केन्द्र निर्माण गर्ने, वायु, सौर्य तथा जलविद्युत् सबैको प्रयोग गरी नमुना विद्युत् केन्द्र निर्माण गरी ऊर्जा सङ्ग्रहालयका रूपमा विकास गर्ने कार्यक्रम तय गरिएको छ । यो ऐतिहासिक धरोहर २०३८ सालसम्म निरन्तर सञ्चालनमा थियो । त्यसपछि ललितपुरका विभिन्न क्षेत्रमा खानेपानी आपूर्तिका लागि जलाशयको पानी, टर्बाइनमा प्रवेश नगराई प्रयोग गर्न थालेपछि सो विद्युत्गृहको सञ्चालन बन्द भयो तर पनि यो विद्युत्गृहलाई चालु हालतमा राख्नुपर्ने महसुस गरी आवश्यक मर्मतसम्भार गरी पुनः २०६३ पुसबाट आवश्यक पर्दा सञ्चालन गर्न सकिने गरी चालु हालतमा राखिएको छ । देशभर विद्युत् उत्पादन बढ्दै गएपछि र खानेपानीको वितरणले सोही स्थानबाट निरन्तरता पाएपछि हाल पनि सङ्ग्रहालयको रूपमा उक्त विद्युत्गृह रहेको छ । २०६७ सालमा सय वर्ष पुगेको अवसरमा यो विद्युत्गृहमा तत्कालीन ऊर्जा मन्त्रालयको संयोजकत्वमा शतवार्षिकी महोत्सव मनाइएको थियो । हाल पनि बागमती प्रदेश सरकारले शतवार्षिक स्मारक रहेको स्थानमा केही जीर्णोद्धारका कार्य गरेको छ । त्यसै गरी नेपालमै पहिलो पटक बिजुली बलेको घर पनि अहिले जीर्ण छ । ललितपुर महानगरपालिका-२१, खोकनावासी सिद्धिलाल महर्जनको घरमा विसं १९६८ मा बिजुली बालिएको थियो । फर्पिङ जलविद्युत् आयोजनाले विद्युत् उत्पादन सुरु भएसँगै सिधै दरबारमा जोड्दा अनिष्ट हुने डरले तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले महर्जनको घरमा बत्ती बाल्नुभयो । नेपालमा पहिलो पटक करेन्टबाट बत्ती बलेपछि खोकनामा त्राससमेत फैलिएको थियो । सिद्धिलालका साइँलो नाति नन्दलाल महर्जनलाई प्राविधिकले करेन्टले च्याप्प च्याप्प समात्छ भनेपछि सिद्धिलालले घरभित्र बत्ती बाल्न नदिएकाले घरबाहिर भित्तामा बत्ती बालिएको थियो । सो ऐतिहासिक घर लाई स्थानीयवासीको सक्रियतामा विसं २०६८ मा सङ्ग्रहालयको रूप दिएका थिए । यो घर सिंहको टाउकोबाट बत्तीको होल्डर र बत्ती जडान गरिएको अवस्थामा छ । विश्वमै दोस्रो जलस्रोतको धनी नेपालमा ८३ हजार मेगावाट विद्युत् निकाल्न सकिने क्षमता छ । हाल ३४ सय मेगावाट बिजुली निकाली ९८ प्रतिशत नेपालीको घरमा पुऱ्याएको छ । वर्षायाममा भारतमा बिजुली निर्यात गर्न थालिएको छ । बङ्गलादेशमा पनि बिजुली निर्यात गर्ने सम्झौता भएको छ । पर्याप्त बिजुली निकाल्न सकिए यसैबाट नेपाल र नेपालीको भविष्य उज्ज्वल बन्ने छ ।

# राष्ट्रवादको फराकिलो आयाम



**शक्ति नेपाल**

अनेक मानिसको साझा विचार र स्वीकारोक्तिको समूह नै राष्ट्र हो । मान्छे विवेकले काम गर्छ, विवेकसम्मत भएर सोच्छ, विवेकशील भएर व्यवहार प्रस्तुत गर्छ । विवेकशील सोचको साझा धारणा, विश्वास, शैली, कर्म, त्याग, तपस्या, समर्पण, नैतिकता र आदर्शको मिलनविन्दु नै राष्ट्र हो । यसबारे अनेक समयमा अनेक ढङ्गले चर्चा, व्याख्या र अध्ययन भएका छन् ।

अर्नेस्ट रेनन (सन् १८८२) ले राष्ट्र के हो ? भन्ने प्रश्नलाई सम्बोधन गरी प्रसिद्ध निबन्ध लेखे । उनी आफैँ पनि एक स्वतन्त्र चिन्तक, अध्येता र कुशल प्राध्यापक थिए । रेनन स्वतन्त्र विचारक, धर्मशास्त्री र प्रतिष्ठित 'कलेज डे' फ्रान्सका प्राध्यापक भएका कारण पनि उनका विचार स्वतन्त्र ढङ्गले अभिप्रेरित देखिन्छन् । उनले राष्ट्रियताका आदर्शबारे हार्दिक ढङ्गले व्याख्या, भाषण तथा लेखन गर्दा अधिकांश अध्येताका लागि चर्चाको विषय बन्यो । उक्त राष्ट्रको विषय आजको नयाँ नेपालमा पनि विभिन्न कोणबाट चर्चाको विषय बनी शैक्षिक 'डिस्कोर्स' मा अति सामान्य व्याख्याको विषय बनेको छ । राष्ट्रलाई माया गर्नेहरूलाई सोध्यो भने उनीहरूले राष्ट्र एक आत्मा हो भन्ने जवाफ दिन्छन् । राष्ट्रभन्दा परराष्ट्रमा आनन्द लिइरहेकालाई सोही प्रश्न सोध्यो भने यो त विश्वका नागरिकलाई विभाजन गर्ने कथित सीमारेखा हो भन्छन् । सोही विषयमा अध्ययन गरिरहेका अध्येतालाई सोध्यो भने यो एक अध्यात्म र आदर्शको विन्दु हो, कठिन परिस्थितिमा सम्झन पुग्ने अन्तरमनको विचार हो भन्छन् । अवसरवादीको सामाजिक सञ्जालको अभिव्यक्ति हेर्दा राष्ट्रका नागरिकलाई ढोँगी प्रवृत्तिको विकास गरी अल्मल्याउने भुलभुलैयाको विषय हो भन्ने देखिन्छ । यथार्थमा राष्ट्र भनेको भिन्नै विषय हो र त्यस्तै देखिन्छ । हो, राष्ट्र भनेको नागरिकको आत्मा र अध्यात्मको विषय हो । यस विषयलाई रेनन (सन् १८८२) ले यी दुई आत्मा र अध्यात्म विषय एकै हुन् भन्दै जुन एउटै भएको र मानिसहरू मिलेर यो आत्मा वा आध्यात्मिक सिद्धान्त बनेको बताएका छन् । ती दुईमध्ये एउटाले विगतलाई प्रतिनिधित्व गर्छ भने अर्कोले वर्तमानलाई । एउटा स्मरणमा बाँच्ने धनी विरासतको साझा स्वामित्व हो भने अर्को वर्तमानको सहमति हो । यसर्थ यी दुवै सँगै बस्न चाहनु स्वच्छ राष्ट्रवाद हो । अनि आफूले प्राप्त गरेको सम्पूर्ण विरासतलाई निरन्तर रूपमा कदर गर्ने इच्छा पनि राष्ट्रिय भावना हो । हुन त मानिसले तत्कालै केही बनाउँदैन । मात्र अन्य व्यक्तिहरूसँग मिलेर बसी सामाजिक सम्बन्ध बनाउँछ । त्यस कारण राष्ट्र निर्माणको सुरुवात व्यक्तिको साझा धारणा र विश्वासको चरणबाट हुन्छ ।

राष्ट्र भनेको एउटा व्यक्तिको जस्तै लामो समयदेखिको प्रयास, बलिदान र समर्पणले भरिएको अतीतको पराकाष्ठा पनि हो । हाम्रा पुर्खाहरूको मान्यता, विश्वास, कदर र पूजा सबैभन्दा सत्य विषय हो, किनकि उनीहरूले हामीलाई हामी जे हौँ, जे थियौँ त्यही बनाएका हुन् । हामी आफ्नो समय, उमेर र बेलामा जस्तो सोच्थ्यौँ, त्यस्तै बन्न दिएका हुन् । जे जे प्राप्त गऱ्यौँ त्यसलाई संरक्षण गर्न सिकाएका हुन् । जे जे गुमायौँ अझ धेरै गुम्न नदिन भनेका हुन् । तसर्थ इतिहासको एक वीर र साहसी व्यक्ति, अतीतको इतिहास, महान् व्यक्तिहरू, सच्चा गौरव र साझा मान्यता मानिसको सामाजिक पुँजी हो । सामाजिक पुँजीबाट राष्ट्र निर्माणको यात्रा सुरु हुन्छ । एउटा व्यक्तिको अवस्थाले राष्ट्रलाई सङ्केत गरिरहेको हुन्छ । राष्ट्रमा देखिएको गरिब मानवताले कति धेरै दुःख पाइरहेको हुन्छ । राष्ट्रवादी विचारमा भने हामीले कति दुःख पायौँ भन्ने विचारले भन्दा राष्ट्रले कति दुःख पायो भन्ने विषय हाबी हुन्छ । अतः असल राष्ट्रवादमा मानिसलाई अझै कति दुःख र पीडाले परीक्षा लिन पर्खिर हेका छन् भन्ने आकलन हुन्छ । व्यक्तिको बुद्धिले उसैलाई आफ्नो मार्गमा फालिएका अनगन्ती खतराबाट बचाउन मार्गदर्शन गरोस् भन्ने कामना गरिएको हुन्छ ।

त्यस विषयमा रेनन (सन् १८८२) भन्छन्, "मानिस न आफ्नो जातिको दास हो, न आफ्नो भाषाको, न आफ्नो धर्मको, न नदीका मार्गको, न त पहाडी शृङ्खलाहरूका दिशाको । स्वस्थ मन र न्यानो हृदय भएका मानिसको ठुलो जमघटले एक नैतिक विवेक सिर्जना गर्छ," जसलाई हामी राष्ट्र भन्छौँ । जबसम्म यो नैतिक विवेकले समुदायको सेवामा व्यक्तिका त्यागको माग गर्छ, अनि व्यक्तिका त्यागलाई साझा बलिदानका रूपमा स्वीकार्छ, त्यो विवेक नै राष्ट्रको शक्ति हो । त्यसैले व्यक्तिले गर्ने बलिदानहरूले उसको र ाष्ट्रप्रतिको शक्तिको प्रमाण दिन्छन् । उक्त प्रमाणबाट नै उसले राष्ट्रमा आफ्नो प्रभाव कायम गर्न थाल्छ ।

राष्ट्रका लागि बलिदान दिनेलाई अस्तित्वमा रहने अधिकार छ । सिमानामा शङ्का उत्पन्न भएमा, विवादित क्षेत्रका जनसङ्ख्यासँग परामर्श गर्नु र उनीहरूलाई पनि त्यस मुद्दामा आफ्नो राय राख्ने अधिकार दिनु राष्ट्रवादी मान्यता हो । उक्त अभ्यासले राजनीतिक रूपले उत्कृष्ट व्यक्ति, अझ त्यो जान्नेबुझ्ने व्यक्ति, जो आफ्नो जीवन आफैँलाई धोका दिँदै बिताउँछन् र आफ्ना मान्यताबाट हाम्रा सांसारिक समस्यामा दया देखाउँछन्, तिनीहरूको ओठमा राष्ट्रवादी विचारले मुस्कान ल्याउँछ ।

राष्ट्रवादको असल र सफल प्रयोगमा सर्वप्रथम फ्रान्स अगाडि आउँछ । किनकि ती फ्रान्सेली विचार छन्, जसले कूटनीति र युद्धलाई पनि सरल माध्यमद्वारा प्रतिस्थापन गर्ने दाबी गर्छन् । उनीहरू भन्छन्, "हामी पर्खौं, उत्कृष्ट व्यक्तिको शासन बित्न दिनुहोस्, शक्तिशालीको घृणालाई सहने बानी बसाल्नुहोस् । सायद धेरै निष्फल हातखुट्टा फालेपछि मानिस हाम्रा अनुभवजन्य समाधानतर्फ फर्कने छन् ।" अतः भविष्यमा सही हुने तरिका भनेको निश्चित समयमा अप्रचलित हुन राजी हुनु पनि हो । फ्रान्सेलीको उक्त विचारले राष्ट्रप्रति आफ्नो लगाव प्रस्ट छ भने एक दिन मौका जोकसैको आउँछ, शासकले यसो गऱ्यो उसो गऱ्यो भनेर चिन्ता गर्नुभन्दा उनीहरूलाई सुध्रने मौका दिनु र आफूले पर्खनु सबैभन्दा उत्तम विचार हो भन्ने विषयलाई केन्द्रमा राखेको छ ।

### राष्ट्रको निर्माण कसरी हुन्छ ?

राष्ट्र कसरी बन्छ भन्ने प्रश्न निकै जटिल छ । इतिहासकार र समाजशास्त्री यस विषयमा फरक फरक विचार राख्छन् । कसैको विचारमा राष्ट्र भाषा, जाति, धर्म र संस्कृति जस्ता तत्वहरूले बन्छ । 'अर्नेस्ट रेनन' जस्ता विचारक राष्ट्रलाई एउटा आध्यात्मिक सिद्धान्त मान्छन्, जुन साझा इतिहास र सँगैसँगै बस्ने र बाँच्ने इच्छाबाट निर्माण हुन्छ । उक्त इच्छाले मूर्त रूप लिएपछि राष्ट्र बन्छ । राष्ट्र निर्माणमा शासक, राजनीतिक विचारधारा र ऐतिहासिक घटनाहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ । फ्रान्सको उदाहरण लिँदा त्यहाँका शासकले देशलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेका प्रमाण पाइन्छन् । अमेरिकामा पनि एकीकृत राष्ट्र निर्माणमा धेरै शासकले भूमिका खेलेको इतिहास देखिन्छ । नेपालमा पनि पृथ्वीनारायण शाहको इतिहासलाई राष्ट्र निर्माणको योगदानका रूपमा लिँदा फरक नपर्ला । यद्यपि त्यो प्रयासमा सिमानाको प्रभाव बढी थियो, आन्तरिक साझा तत्वका लागि त्यतिखेर सोचविचार नगरिएकै हो भन्न सकिन्छ ।

### राष्ट्रको अवधारणामा नयाा मोड

राष्ट्र एउटा आध्यात्मिक सिद्धान्त हो, जुन विगत र वर्तमान दुई तत्व मिलेर बनेको हुन्छ भन्ने अधिकांशका साझा मत छ । यसमा आफूमा भएका विरासतलाई निरन्तरता दिने चाहना जागृत स्वाभाविक हुन्छ । यसै परिप्रेक्ष्यमा आधुनिक राष्ट्रहरू इतिहासका पानामा नयाँ घटना हुन् । प्राचीन इजिप्ट, चीन जस्ता राष्ट्र इतिहासमा प्रभावशाली थिएनन्, तिनीहरू शासकद्वारा शासित थिए । फ्रान्सेली क्रान्तिपछि मात्रै राष्ट्रको अवधारणाले नयाँ रूप लियो, जहाँ राष्ट्र आफैँमा अस्तित्वमा आएको मानिन्छ ।

### राष्ट्रवाद र यसका तत्व

राष्ट्रवादले मानिसलाई एकताबद्ध गर्छ । यसमा केही खतरा पनि छन् । यसले कहिलेकाहीँ जातीय द्वेष र अरूलाई हेप्ने भावना पनि ल्याउन सक्छ । राष्ट्र निर्माणमा भाषा, धर्म, भूगोल र साझा हित जस्ता त□वले भूमिका खेल्छन् । यीमध्ये कुनै पनि तत्व पूर्ण राष्ट्र निर्माणका लागि पर्याप्त छैनन् । बरु साझा इतिहास, बलिदान र सँगैसँगै खाने, बस्ने र काम गर्ने इच्छा जस्ता विषयले राष्ट्र बलियो बनाउँछन् ।

### राष्ट्र र राष्ट्रवाद

राष्ट्र र राष्ट्रवाद दुई यस्ता शब्द हुन्, जसलाई हामी अक्सर एकै अर्थमा प्रयोग गर्छौं । यी दुईमा धेर ै भिन्नता देखिन्छ । राष्ट्र एउटा राजनीतिक र सामाजिक संरचना हो, जुन साझा भूगोल, भाषा, संस्कृति र इतिहासले जोडिएको हुन्छ । यो एक अमूर्त भावना हो, जसले मानिसलाई एकताबद्ध गर्छ र उनीहरूमा सामूहिक पहिचानको भावना जगाउँछ ।

राष्ट्रवाद यही राष्ट्रप्रतिको गहिरो प्रेम र भक्ति हो । यो एउटा विचारधारा हो, जसले आफ्नो राष्ट्रलाई अरूभन्दा महान् ठान्छ र त्यसको हितलाई सर्वोपरि मान्छ । राष्ट्रवादले मानिसलाई आफ्नो राष्ट्रका लागि बलिदान दिन प्रेरित गर्छ र उनीहरूमा एकताको भावना विकास गर्छ । आफूभन्दा बढी प्राथमिकतामा राष्ट्रलाई राख्नु राष्ट्रवाद हो, राष्ट्रका लागि बलिदान दिन तयार हुनु राष्ट्रवादी मान्यता हो । अनि आफ्ना भाषा, जाति, वर्ग, समुदायसमेतको साझापनले विचार निर्माण गर्नु राष्ट्र निर्माणमा सहयोग गर्नु हो । त्यसका लागि समर्पित हुनुचाहिँ राष्ट्रवाद हो ।

### राष्ट्रवादको प्रभाव

राष्ट्रवादले विश्वमा धेरै परिवर्तन ल्याएको छ । यसले देशहरूलाई एकताबद्ध गर्न र राष्ट्रिय पहिचान निर्माण गर्न मद्दत गरेको छ । यसले युद्ध र द्वन्द्व पनि निम्त्याएको छ । पहिलो र दोस्रो विश्वयुद्ध राष्ट्रवादकै कारण भएका थिए । अस्ट्रिया र हङ्गेरीमा भएको र ाजनीतिक तथा मिलिटरी संलग्नता (गुट) का कारण प्रथम विश्वयुद्ध भएको थियो । त्यसको मुख्य कारण युरोपियन मुलुकले गरेका उपनिवेशका अभ्यासको विरुद्ध पनि थियो । दोस्रो विश्वयुद्धमा अमेरिका र रुसका आआफ्ना राष्ट्रवादका रुचिका कारण थिए । अहिले पनि हेर्दा आजको विश्वमा राष्ट्रवादको भूमिका झन् जटिल बन्दै गएको छ । भूमण्डलीकरणले देशहरूलाई एकअर्कासँग जोडेको छ तर यसले र ाष्ट्रिय पहिचानलाई पनि चुनौती दिइराखेको छ । मानिसहरूले आफ्नो देशलाई बिर्सन थालेका छन् । विश्व राष्ट्रवादको अभ्यास हुन थालेको छ । आप्रवासन र बहुसंस्कृतिवादले राष्ट्रहरूको संरचना परिवर्तन गर्दै छन् । यस्ता अवस्थामा राष्ट्र र राष्ट्रवादको अर्थ र महत्वमाथि पुनर्विचार गर्नु आवश्यक छ । उक्त अवस्थालाई जोड्दै सञ्जीव उप्रेती (२०७८) लेख्छन्, "अहिले विश्वव्यापी संसारमा सबै राष्ट्रका आआफ्ना राष्ट्रिय सीमा छँदै छन् ।


## परशुराम सा.ब.उ समुह जोरायल गा.प.२ डोटीको सन्देश मुलक सुचना

*बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो ।*
*बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं ।*
*अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं। सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं ।*
*बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं, खोटो संकलनमा ध्यान दिऔं पोथा र साना बोटमा खोपी नलगाऔं ।*

## जन सा.ब.उ समुह जोरायल ३ गडाखर्क डोटीको सन्देश मुलक सुचना

*बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो ।*
*बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं ।*
*अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं। सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङगरहरु हटाऔं ।*
*बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं, खोटो संकलनमा ध्यान दिऔं पोथा र साना बोटमा खोपी नलगाऔं ।*

# अनियमितता गरेको प्रमाणित भए राजनीतिबाटै राजीनामा दिन्छु : गृहमन्त्री लेखक

**अमरगढी पोष्ट समाचार**

**डडेल्धुरा,जेष्ठ १० गते ।** गृहमन्त्री रमेश लेखकले संवैधानिक निकायबाट कुनै पनि बेला कुनै पनि कर्मचारीमाथि अनुसन्धान हुनसक्ने बताएका छन् । शनिबार यहाँ सञ्चारकर्मीहरूसँग उनले गृह मन्त्रालयअन्तर्गत हजारौं कर्मचारी रहेकाले कुनै कर्मचारीमाथि अनुसन्धान हुनेबित्तिकै मन्त्रीले नै राजीनामा दिने कुराले राम्रो नजीर नबसाल्ने जिकिर गरे ।

गृहमन्त्री लेखकले अगाडि भने, 'गृह मन्त्रालयमा हजार , लाख कर्मचारी छन् । यहाँ रहेका कुनै पनि कर्मचारीमाथि संवैधानिक निकायले जुनसुकै बेला अनुसन्धान गर्नसक्छ । के त्यसो हुँदा सबै मन्त्रीहरूले राजीनामा दिँदै जाने हो ? के त्यही पद्धति बसाउने हो? त्यो सम्भव छ? त्यसकारण मैले भनिसके मेराविरुद्ध राजनीतिक र नियोजित रूपले षड्यन्त्रमूलक ढंगले झुट्टा प्रचारबाजी भइरहेको छ ।' उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनमा 'भिजिट भिसा'का विषयमा मात्रै होइन, आफ्नो राजनीतिक र सार्वजनिक जीवनमा आर्थिक अनियमितता गरेको विषय प्रमाणित भए आफू पदबाट मात्र नभई राजनीतिबाटै अलग्गिने बताए । 'अहिले जुन सवाल उठिरहेको छ, यसका सन्दर्भमा मात्रै होइन, मेरो सार्वजनिक र राजनीतिक जीवनमा यदि एउटा मात्रै पनि आर्थिक अनियमितता गरेको प्रमाणित कसैले गर्‍यो भने म पदबाट होइन राजनीतिबाट राजीनामा दिन्छु', उनले भने, 'यसर्थ मेराविरुद्ध नियोजित र षड्यन्त्रमूलक ढंगबाट झुट्टा प्रचारबाजी भइरहेको छ । यस विषयमा विस्तृत धारणा राख्न आगामी जेठ १३ गतेको प्रतिनिधिसभा बैठकमा समय माग गरेछु ।'

यसअघि आजै गृह मन्त्रालयले पनि प्रेस विज्ञप्ति जारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको घटनासँग मन्त्रालयको नेतृत्वलाई जोडेर समाचार प्रकाशित/प्रसारित भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।


रक्तदान गरौं, जीवन बचाऔं ।

१. रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात जीवन दान हो ।
२. तपाई हामीले दिएको एक युनिट रगतले ३ जनासम्मको ज्यान बच्न सक्दछ ।
३. हरेक स्वस्थ व्यक्तिले ३–३ महिनामा रक्तदान गर्न मिल्दछ ।
४. १८ वर्षदेखी ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ ।
५. रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एक मात्र उपाय हो ।
६. रक्तदानमा कुनै धर्म र जात हुँदैन ।
७. आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
धनगढी, कैलाली

पालिकाबासीका लागी जारी सन्देश

- नियमित कर तिरौं , सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाऔं ।
- घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपागं परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं र दर्ता गरिसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बालबिबाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भबिष्य निर्माण गरौं ।
- भ्रष्टाचार नगरौं । भ्रष्टाचार बिरुद्धमा एकजुट बनौं ।
- खाना खानु अघि साबुन पानीले हात धुने बानी बसालौं

जोशीपुर गांउपालिका कैलाली



पालिकाबासीका लागी जारी सन्देश

- नियमित कर तिरौं , सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाऔं ।
- घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपागं परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं र दर्ता गरिसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बालबिबाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भबिष्य निर्माण गरौं ।
- भ्रष्टाचार नगरौं । भ्रष्टाचार बिरुद्धमा एकजुट बनौं ।
- खाना खानु अघि साबुन पानीले हात धुने बानी बसालौं



गन्यापधुरा गांउपालिका डडेल्धुरा

सामाजिक विकास कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

— बालबालिकाहरुको संरक्षण गरौं, बाल अधिकार स्थापित गरौं ।
— आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बाल श्रम प्रयोग नगर्न सूचित गरौं ।
— बाल बिवाह नगरौं, बाल श्रम रोकौं, बाल अधिकार हनन् नगरौं ।
— बाल दुर्व्यहार तथा हिंसा बन्द गरौं, बाल शिक्षामा ध्यान दिऔं बाल विकासमा ध्यान दिऔं, बालबालिकाहरुमा भेदभाव नगरौं ।



पालिकाबासीका लागी जारी सन्देश

- नियमित कर तिरौं , सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाऔं ।
- घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपागं परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं र दर्ता गरिसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बालबिबाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भबिष्य निर्माण गरौं ।
- भ्रष्टाचार नगरौं । भ्रष्टाचार बिरुद्धमा एकजुट बनौं ।
- खाना खानु अघि साबुन पानीले हात धुने बानी बसालौं



कैलारी गांउपालिका कैलाली

छहरा सा.ब.उ.समुह जोरायल गा.प. २ द्वारा जनहितमा जारी शन्देश

*बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो ।*

*बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।*

*अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।*

*सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङगरहरु हटाऔं ।*

*बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं, खोटो संकलनमा ध्यान दिऔं पोथा र साना बोटमा खोपी नलगाऔं ।*



पालिकाबासीका लागी जारी सन्देश

- नियमित कर तिरौं , सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाऔं ।
- घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपागं परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गरौं र दर्ता गरिसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बालबिबाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भबिष्य निर्माण गरौं ।
- भ्रष्टाचार नगरौं । भ्रष्टाचार बिरुद्धमा एकजुट बनौं ।
- खाना खानु अघि साबुन पानीले हात धुने बानी बसालौं



भजनी नगरपालिका कैलाली

## ज्लावान छहरा सुनखोला सा.ब.उ समुह जोरायल गा.प.१ डोटीको सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।
अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।
सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं । बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं । अध्यक्ष

## बारपाखे सा.ब.उ समुह जोरायल १ डोटीको सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।
अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।
सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं । बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं । अध्यक्ष

## कफलडा रानीबन सा.ब.उ समुह जोरायल गा.प.१ डोटीको सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।
अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।
सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं । बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं । अध्यक्ष

## तिमुली सा.ब.उ समुह जोरायल गा.प.१ डोटीको सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।
अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।
सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं । बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं । अध्यक्ष

## घण्टेश्वर सा.ब.उ समुह जोरायल गा.प.१ डोटीको सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं।
अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं।
सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं । बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं । अध्यक्ष


## डडेल्धुरा अस्पताल डडेल्धुराका सेवाहरू:

–२४ सै घण्टा आकस्मीक सेवा
–अत्याधुनिक प्रयोगशाला CS बाट अप्रेसन गरी जन्माउने सेवा
–बायोकेमष्ट्रि माईक्रोबायोलोजीरकल्चर र प्याथोलोजी सेवा
–एचआईभीरएड्स प्रयोजनका लागी ART/VCT सेवा
–ओपिडि सेवा विहान १० वजे देखि बेलुका ५ वजे सम्म ९ शनिबार बाहेक
–DOTS/Leprosy सेवा र २४ सै घन्टा एम्बुलेन्स सेवा
–यौन रोगको उपचार तथा परामर्श
–डिजीटल एक्सरे सेवा, CR सेवा, माईजर अयेसर गरीने र सुरक्षित गर्भपतन सेवा
–नि:शुल्क औषधि वितरण सेवा / दन्त सेवा, टेलिमेडिसिन सेवा फिजीयोथेरापी
–ANC सेवा, PNC सेवा/MCH क्लिनीक सेवा
–भ्याक्सीन सेवा ECG सेवा अन्तरग सेवा
–हाईड्रोसिल, हर्निया र इपेन्डीसाईडको शल्यक्रीया मार्फत उपचार सेवा

डडेल्धुरा अस्पताल डडेल्धुरा


वर्षे आलु खेती गरेका कृषक वर्गहरुमा विशेष अनुरोधः
हाल खेती गरिएको वर्षे आलुखेतीमा प्रसारित
फूलहरु फुलेको हुँदा ती फूलहरु हटाउने हुन सम्पूर्ण कृषकहरुलाई अनुरोध गरिन्छ। किन हटाउने त आलुका फूलहरु ?

१. विरुवा छिटो बुढो हुने।
२. विरुवाको बनस्पतिक वृद्धि गर्न ल्याउने खाद्यतत्व विरुवाको प्रजनन् वृद्धिमा लगाउने।
३. आलुको दानाको (tuber) वृद्धि रोकिने तथा दानाको संख्या कम हुने।
४. फूल फुलाउन बोटले धेरै पोषण र ऊर्जा खर्च गर्छ। फूल हटाएमा त्यो ऊर्जा गाँठ (कन्द) बन्न प्रयोग हुन्छ, जसले आलु ठूलो र राम्रो बनाउँछ।

**प्रधानमन्त्री कृर्षी आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई (आलु सुपरजोन )डडेल्धुरा**

## नबदुर्गा सा.ब.उ समुह जोरायल २ डोटीको सन्देश मुलक सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं। अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं। सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वारपारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं ।
बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं ।

## डिलाशैनी सा.ब.उ समुह जोरायल २ डोटीको सन्देश मुलक सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं। अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं। सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वार पारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं ।
बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं ।

## सिद्धनाथ सा.ब.उ समुह जोरायल १ डोटीको सन्देश मुलक सुचना

बन जंगलमा चोरी सिकारी नगरौं कानुनले बर्जित गरेका कुनै पनि काम गर्नु अपराध हो । बृक्षारोपण गरौं,बन संरक्षण गरौं बाताबरण स्वच्छ र सफा राखौं,बन लाई डढेलोबाट बचाउ,जैबिक बिबिधताको संरक्षण गरौं। अग्नी नियन्त्रणमा उपयोगी औजारको प्रयोग गरौं। सुख्खा सिजन सुरु हुनुभन्दा आगाबै बन वार पारको बाटोमा सुकेका पातहरु पतिङ्गरहरु हटाऔं ।
बन क्षेत्रको संरक्षणमा जुटौं,हामी पनि बाचौं,र बन्यजन्तुलाई पनि बचाई असल नागरिकको दायित्व बहन गरौं ।

अमरगढी पोष्ट दैनिक / प्रकाशक / प्रधान सम्पादक मानबहादुर सांउद कार्यकारी सम्पादक लक्ष्मी ऐर समाचारदाता : गजेन्द्र ऐर.हरेन्द्र साउद प्रधान कार्यालय : अमरगढी-५ , डडेल्धुरा शाखा कार्यालय अत्तरिया कैलाली फोन ०९६(४२०६५३ मो. ९८४८८७१०१४/९८४८८५५९५६ इमेल : mansaud52@ gmail.com मुद्रक :कैलपाल प्रिन्ट्रङ प्रेस डडेल्धुरा